# मुस्लिम आयोग

जावलाखेल, ललितपुर

प.स.:- ०८०/८१

च.नं.:-

मितिः- २०८०।०६।२९

विषयः- **सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यू समक्ष मुस्लिम आयोगको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन पेश गरेको सम्बन्धमा।**

सम्मानीय राष्ट्रपति रामचन्द्र पौडेलज्यू समक्ष मुस्लिम आयोगका अध्यक्ष माननीय समिम मियाँ अन्सारीले आज मिति २०८० साल असोज २९ गते नेपालको संविधानको धारा २६४ बमोजिम आयोगको आर्थिक वर्ष ०७९/८० को वार्षिक प्रतिवेदन राष्ट्रपतिको कार्यालय, शितलनिवासमा आयोजित विशेष समरोहकाबीच पेश गर्नुभयो।

सम्मानीय राष्ट्रपतिज्यूले आयोगको वार्षिक प्रतिवेदन ग्रहण गर्नुहुँदै नेपालमा रहेका सवै जाति, भाषा, संस्कृति र समुदायका बीचमा सहअस्तित्वका आधारमा आपसी सदभाव कायम राख्न र मुस्लिम समुदायको हकहितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तिकरणका लागि आयोगको भूमिका महत्वपूर्ण हुने धारणा राख्दै आयोगले प्रतिवेदनमा उठाएका महत्वपूर्ण विषयहरुलाई सरकारले प्रभावकारी रुपमा सम्बोधन गर्ने विश्वास व्यक्त गर्नुभयो।

आयोगको वार्षिक प्रतिवेदन पेश गर्दै आयोगका अध्यक्ष माननीय समिम मियाँ अन्सारीले आयोगले आर्थिक वर्ष २०७९/८० मा सम्पादन गरेका प्रमुख कार्यहरुको बारेमा संक्षिप्त जानकारी गराउदै समानुपातिक समावेशी सिद्धान्तको आधारमा मुस्लिम समुदायलाई संविधान प्रदत्त राजनैतिक, आर्थिक र सामाजिक अधिकार सुनिश्चतताका लागि कानूनी व्यवस्था गरी तीनै तहका सरकारहरुबाट विशेष नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइनु पर्ने, निजामती सेवा, न्याय सेवा, सेना, प्रहरी, संस्थान, बोर्ड, समिति, प्राधिकरण, कुटनीतिक निकाय लगायत अन्य सेवा प्रदान गर्ने क्षेत्रमा नेपाली मुस्लिम समुदायलाई जनसंख्याको आधारमा छुट्टै आरक्षणको व्यवस्था गरिनुपर्ने, समुदायको उत्थान एवम् विकासका लागि उच्च तहको सीप विकास तालिम र रोजगारमूलक लक्षित कार्यक्रम, शिक्षा तथा सार्वजनिक क्षेत्रको रोजगारीमा आरक्षण, मातृभाषाको संरक्षण र सम्बर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनुपर्ने, मदरसा शिक्षा प्रणालीको सुधारका साथै यसको प्रभावकारी व्यवस्थापन, समुदायसँग विभिन्न धार्मिक स्थलहरुको संरक्षण र सम्बर्द्धन, कब्रिस्तानहरुको जग्गा अतिक्रमण नियन्त्रण तथा तराई र पहाडका केही जिल्लाहरुमा शव (मैयत) गाड्ने कब्रिस्तान (श्मसानस्थल) हरुको थप व्यवस्था गर्न आवश्यक देखिएको धारणा व्यक्त गर्नु भयो।

आयोगको वार्षिक प्रतिवेदन पेश गर्ने समारोहमा राष्ट्रपति कार्यालयका सचिव तथा कर्मचारी एवं आयोगका माननीय सदस्यहरु, सचिव लगायतका कर्मचारीहरु र प्रेसका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

मिर्जा अरशद बेग

प्रवक्ता

मुस्लिम आयोग